# मङ्गलसैन राजपत्र

मङ्गलसैन नगरपालिकाद्वारा प्रकाशित

खण्ड ९) संख्या १ मितिः २०८२ कार्तिक १८

## भाग २

### मङ्गलसैन नगरपालिका

## मङ्गलसैन नगरपालिकाको सूचना

मङ्गलसैन नगरपालिकाको आर्थिक सहायता सम्वन्धि कार्यविधि, २०७७ लाई संसोधन गर्न वान्छनिय भएकोले नगर कार्यपालिकाको मिति २०८२/०७/१८ गतेको वैठकबाट पारित पहिलो संसोधन-२०८२ लाई मङ्गलसैन नगरपालिकाकोको राजपत्र प्रकाशन सम्बन्धी कार्यबिधि २०७४ को दफा (७) बमोजिम सर्वसाधारण जनताको जानकारीका लागि  प्रकाशन गरिएको छः



**मंगलसेन नगरपालिकाको आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७७ (पहिलो संशोधन-२०८२) :**

मंगलसेन नगरपालिकाको आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७७ (पहिलो संसोधन-२०८२) मा दीर्घ रोगी तथा क्यान्सर पीडित नागरिकहरूलाई उपचारमा आर्थिक रूपले सहयोग पुर्‍याउने उद्देश्यले स्थापित प्रावधानलाई थप स्पष्ट, व्यवस्थित र पारदर्शी बनाउनका लागि यस विधेयकका सम्बन्धित दफा/उपदफामा आवश्यक संशोधन गर्नुपर्ने आवश्यकता देखिएको छ। बिरामीको आर्थिक अवस्था, रोगको प्रकृति र स्वास्थ्य–उपचार खर्चको वहन क्षमता विचारपूर्वक मूल्यांकन गरी प्रभावकारी सहायता प्रदान गर्ने उद्देश्यले निम्न संशोधन प्रस्ताव प्रस्तुत गरिएको छ।

| विधेयकको दफामा भएको हालको प्रावधान | संशोधनको व्यहोरा | औचित्य |
|---|---|---|
| दफा ३ दीर्घ रोगी तथा क्यान्सर पीडितलाई सहायता | उपचार सहायता | दीर्घ रोगी, क्यान्सर पीडीत, वाहेक समेतलाई उपचार सहायता दिनु वाञ्छनिय हुने भएकोले । |
| दफा ३ (२)आर्थिक सहायता पाउन योग्य दीर्घ रोगी (मृगौला, | दफा ३ (२)आर्थिक सहायता पाउन योग्य दीर्घ रोगी (मृगौला, | दीर्घ रोगी, क्यान्सर पीडीत, दुर्घटनाका घाइते लगायत |

| | | |
|---|---|---|
| मुटु, फोक्सो, कलेजो, मस्तिष्क पक्षघात) तथा क्यान्सर पीडित व्यक्तिले आर्थिक सहायता प्राप्त गर्नको लागि आवश्यक कागजात सहित नगरपालिकामा निवेदन दिन सक्ने छन् । | मुटु, फोक्सो, कलेजो, मस्तिष्क पक्षघात), क्यान्सर, दुर्घटना घाईते, तथा कुनैपनि रोग र स्वास्थ्य समस्या भई सरकारी स्वास्थ्य संस्थामा निशुल्क औषधि/उपचार हुन नसकि अन्यत्र रिभर गरेका पीडित व्यक्तिले आर्थिक सहायता प्राप्त गर्नको लागि आवश्यक कागजात सहित नगरपालिकामा निवेदन दिन सक्नेछन् । | सरकारी स्वास्थ्य संस्थामा निशुल्क औषधि/उपचार हुन नसकि अन्यत्र रिभर गरेका विरामि समेतलाई उपचार सहायता दिनु वाञ्छनिय हुने भएकोले । |
| ९ संस्थागत सहायता कार्यक्रम: सामाजिक क्षेत्रको कार्यमा सहयोग पुर्याउने विभिन्न कार्यक्रम संचालन गर्ने संघसस्थालाई सहयोग स्वरुप बढिमा रु ६००० सहयोग गर्न सक्ने । | संस्थागत सहायता कार्यक्रम: सामाजिक क्षेत्रको कार्यमा सहयोग पुर्याउने विभिन्न कार्यक्रम संचालन गर्ने संघसस्थालाई सहयोग स्वरुप बढिमा रु १०,००० सहयोग गर्न सक्ने । | रु ६००० कार्यक्रम व्यवस्थापनको लागि न्यूनतम खर्च व्यवस्थापन गर्न । |
| ११ | उपचार सहयोग | अर्को छुट्टै कोष नरहने |



मङ्गलसैन नगरपालिका



| | | |
|---|---|---|
| कोष संचालन समिति | संचालन समिति | भएकोले |
| १६<br><br>नगर प्रमुखको सिफारिशमा प्रमुख प्रशासकीय अधिकृतले सिधै रु ३००० प्रदान गर्नसक्ने । | नगर प्रमुखको सिफारिशमा प्रमुख प्रशासकीय अधिकृतले सिधै रु ५००० प्रदान गर्नसक्ने । | |

आज्ञाले
गेहेन्द्र बहादुर डाँगी
प्रमुख प्रशासकीय अधिकृत



मङ्गलसैन नगरपालिका